दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १०९ | बुटवल | २०८२ बैशाख ०३, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Apr. 16, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## गोरखा-जितगढी एकीकरण पदयात्रा पाल्पा आइपुग्यो




**कृष्ण पोखरेल**
*पाल्पा*

नेपाल एकीकरणको सयमा प्रयोग भएका पदमार्ग, युद्धमा प्रयोग भएका गढी, दरबार, किल्ला, बाटो, चौताराहरुलाई पछ्याउँदै नेपाली सेनाको पदयात्रा टोली पाल्पा आइपुगेको छ। गोरखा दरबारबाट चैत्र २८ गते सुरु भएको गोरखा-जितगढी ऐकीकरण पदयात्रा टोलीलाई पाल्पाको रामपुरमा भव्य स्वागत गरिएको छ। पदयात्रामा सहभागी ३ नं. राजदल गणका गणपती रविजंग थापाले २२ नं. बाहिनीपती पुरुषोत्तम खड्कालाई टर्च ज्योति र चापाकोट नगरपालिका वडा नं.६ का वडाध्यक्ष तारादेवी पोखरेलले रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापालाई राष्ट्रिय झण्डा केलादीघाट पुलमा हस्तान्तरण गरी पदयात्रा टोली पाल्पा प्रवेश गरेको हो । पदयात्री टोलीलाई कालीगण्डकी केलादीघाट रामपुरमा दि फेमस महिन्द्रदल गण, रामपुर नगरपालिका, जिल्ला प्रशासन तथा सुरक्षा निकाय जिल्ला समन्वय समिति तथा स्थानीयवासीले पञ्चेबाजा, फूलमालाले भव्यरुपमा स्वागत गरेका छन्। टोली ५ दिनको पैदलयात्रा गरी गोरखा, तनहुँ र स्याङ्जा हुँदै पाल्पा आएको हो।

नेपाल एकीकरणको समयमा प्रयोग भएको पदमार्ग, युद्धमा प्रयोग भएका गढी, दरबार, युद्धस्थल, पानी पँधेरा, चौताराहरुको अध्ययन अवलोकन गर्दै ११ दिने गोरखा जितगढी पदयात्रा २०८२ साल बैशाख ७ गते बुटवल जितगढीमा पुगी विजय उत्सवमा सहभागी हुनेछ। वि.सं १८७१ देखि १८७२ मा भएको नेपाल अंग्रेज युद्धमा जितगढी क्षेत्र पाल्पाबाट खटिएका कर्णेल उजिरसिंह थापाको नेपाली सेनाले अंग्रेज फौजलाई बैशाख ७ गते पराजित गरेका थिए। अंग्रेजसँगको युद्धमा विजय प्राप्त गरेको दिन बैशाख ७ गते विजय उत्सव मनाउन पदयात्रा टोली गोरखादेखि जितगढीसम्मको ३०५ किलोमिटर यात्रा गर्नेछ।

एकीकरण मार्गलगायत ऐतिहासिक धरोहरको जर्गेना गर्न, एकीकरण अभियाना तथा नेपाल-अंग्रेज युद्धमा हासिल गरेको विजय गाथाको इतिहासलाई संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गरी भावी पुस्तामा हस्तान्तरण गर्न गोरखा जितगढी ऐकीकरण पदयात्रा गरिएको नेपाली सेनाले जनाएको छ। नेपालीहरुमा राष्ट्रिय एकताको भावना जागृत गराउन, एकीकरण मार्गमा रहेका सेनासँग सम्बन्धित विषयबस्तुको दस्ताबेजीकरण गर्न, ऐतिहासिक पर्यटकीय पदमार्गको विकास गर्न, जनताबिचको सम्बन्धलाई बलियो बनाउन गोरखा जितगढी पदयात्रा टोलीलाई पाल्पामा स्वागत गर्न पुगेका नेपाली सेना २२ नं. बाहिनीका बाहिनीपती पुरुषोत्तम खड्काले बताए।

नेपाली सेनाको पदयात्राको टोली बैशाख २ गते केलादीघाट हुँदै सताकुण्ड, तुने भञ्ज्याङ, बेलडाँडा, सिलुवा पिलुवा जव्गादी, विरकोटमा पुगेको छ। पदयात्रा टोली बैशाख ३ गते विरकोटबाट वाकुमगढी देउराली, हुमिन देवीनगर, झडेवा जगत गोठादी, हुँदै माथागढी ३९ किलोमिटर यात्रा गर्नेछ। बैशाख ४ गते माथागढी, गोठादी झडेवा हर्नेटार, मर्मरा शिकारकोट, दमार, सराई माडी दमकडा हुँदै बाँसटारी प्रभास ३५ किलोमिटर यात्रा गर्नेछ। बैशाख ५ गते प्रभास, लामडाँडा, बर्तुङ, तानसेन, काजीपौवा पुन प्रभास आएर १७ किलोमिटर यात्रा गरी वास बस्ने छ। बैशाख ६ गते प्रभास डुम्रे, मस्याम हटिया, मरेक, रानीवास दोभान ३२ किलोमिटर यात्रा गर्ने छ। बैखाख ७ गते पदयात्रा टोली दोभान नुवाकोटगढी पुगी बुटवलको टोली तारादल गणलाई झण्डा टर्च हस्तान्तरण गरी जितगढी विजय उत्सवमा सहभागी हुने कार्यक्रम रहेको पदयात्रा संयोजक सेनानी जितबहादुर कार्कीले बताए।

नेपाली सेनाले प्रत्येक वर्ष पुस २७ गते पूर्वतर्फ गोरखा-काठमाडौं एकीकरण पदयात्रा गर्दै आएको छ। २०७९ साल चैत्र २८ गतेदेखि बैशाख ७ गतेसम्म पश्चिमतर्फ गोरखा जितगढी पदयात्रा सुरु गरेको यो तेस्रो पदयात्रा रहेको छ। पदयात्रा टोलीमा ५३ जना नेपाली सेना रहेका छन्।

» बाँकी ३ पेजमा

## गभर्नर नियुक्तिमा उमेरहद नलाग्ने संशोधन लागू नगर्न आदेश




बुटवल। सर्वोच्च अदालतले नेपाल राष्ट्र बैंकको गभर्नरका लागि उमेरहद आवश्यक नपर्ने भनी सरकारले संशोधन गरेको मापदण्ड कार्यान्वयन नगर्न अल्पकालिन अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले संशोधित मापदण्ड केही समयका लागि कार्यान्वयन नगर्न आदेश दिँदै त्यो आदेशले निरन्तरता पाउने कि नपाउने भन्नेबारे छलफल गर्न दुवै पक्षलाई अर्को साता छलफलका लागि डाकेको छ।

अधिवक्ताहरू अनन्दराज लुइँटेल, विकास भट्टराई, रामकृष्ण बञ्जारा, देवेन्द्र मैनालीलगायतले संशोधित मापदण्ड कानुन विपरीत भएको भन्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए। एकपटक तय भइसकेको मापदण्ड मनमौजी रुपमा फेरबदल गर्नु गलत भएको भन्दै उनीहरूले त्यसमाथि प्रश्न उठाएका थिए। सर्वोच्च अदालतले प्रतिपादन गरेको नजीरको सिद्धान्त प्रतिकूल हुनेगरी मापदण्ड संशोधन भएको उनीहरूको जिकिर थियो।

सरकारले २७ फागुन, २०८१ मा अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयनसम्बन्धी मापदण्ड, २०७३ लाई संशोधन गरेको थियो। उक्त मापदण्डको दफा ३(ग) मा भएको गभर्नरको नियुक्तिको उमेरहदसम्बन्धी व्यवस्था हटाएको थियो।

संशोधन हुनुअघि मापदण्डमा कार्यकारी प्रमुखको हकमा ३० वर्ष र कार्यकारी प्रमुख बाहेक अन्य पदाधिकारी र सदस्यको हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्षको उमेर ननाघेको व्यक्ति नियुक्तिका लागि योग्य हुने व्यवस्था थियो।

कुनै अमुक व्यक्तिको नियुक्तिलाई बाधक भएको हुनसक्ने देखिएपछि उक्त व्यवस्था हटाइएको रिट निवेदनमा जिकिर छ।

## छविलाललाई थुन्ने आदेशको कैफियत प्रतिवेदन माग

बुटवल। सर्वोच्च अदालतले सहकारी ठगी प्रकरणमा छविलाल जोशी बन्जाडेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेशको कैफियत प्रतिवेदन माग गरेको छ।

गोर्खा मिडिया नेटवर्कमार्फत् सुप्रिम सहकारी ठगी तथा संगठित अपराधको अभियोगमा थुनामा रहेका नेपाल प्रहरीका पूर्व डीआईजीसमेत रहेका छविलालको निवेदनमा सर्वोच्च अदालतले कैफियत प्रतिवेदन मगाउने आदेश गरेको हो। जोशीले दायर गरेको निवेदनमा न्यायाधीश विनोद शर्माको इजलासले प्रारम्भिक सुनुवाइपछि मंगलबार कैफियत प्रतिवेदन मगाउने आदेश गरेको हो।

रुपन्देही जिल्ला अदालतका न्यायायाधीश वशिष्ठकुमार घिमिरेको इजलासले जोशीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेपछि उनी थुनामा छन्।

उच्च अदालत तुल्सीपुरको बुटवल इजलासले जोशीलाई थुनामा पठाउने जिल्ला अदालतकै आदेश सदर गरेपछि उनी सर्वोच्च पुगेका हुन्।

सर्वोच्चमा चैत ३१ मा दर्ता भएको निवेदनमा जोशीले आफूलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश बदर गरी साधारण तारेखमा राख्न माग गरेका छन्।

सोही मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पनि पुर्पक्षका लागि थुनामा छन्। रुपन्देही जिल्ला अदालतका न्यायाधीश प्रल्लादकुमार योगीको इजलासबाट सोही मुद्दामा एक करोड धरौटीमा रिहा भएका थिए।

रविको निवेदनमा यसअघि नै सर्वोच्चका न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले थुनामा पठाउने आदेशको कैफियत प्रतिवेदन झिकाउने आदेश गरिसकेको छ।

## शिक्षकका माग सम्बोधन गर : आयोग

बुटवल। मानवअधिकार आयोगले शिक्षकहरूको माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराएको छ। आयोगका सह-सचिव तथा प्रवक्ता डा. टीकाराम पोखरेलले एक विज्ञप्ति जारी गर्दै सरकारको ध्यानाकर्षण गराएका हुन्।

'शिक्षकहरुको समस्या वार्ताको माध्यमबाट यथाशीघ्र समाधान गर,' उनले भनेका छन्-'शिक्षा ऐनलाई समयानुकूल बनाउन, शिक्षा नीतिलाई उत्पादनशील बनाउन तथा यस सम्बन्धमा विगतमा नेपाल सरकारसँग गरिएको सम्झौता कार्यान्वयनको माग राखी नेपाल शिक्षक महासंघद्वारा विगत १३ दिनदेखि काठमाडौंमा जारी आन्दोलन तथा यसबाट बालबालिकाको शिक्षाको अधिकारमा पर्न गएको असरप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।' आयोगले शिक्षकहरूको आन्दोलनको स्थलगत अनुगमन पनि गरिरहेको जनाएको छ।

आयोगले थप भनेको छ-'विद्यालयका शिक्षक-शिक्षिकाले आफ्नो वृत्तिविकासका साथै संस्थागत हकहितका लागि माग राख्नु, विचार व्यक्त गर्नु, शान्तिपूर्ण प्रदर्शन गर्नु मानवअधिकारको मूल्य मान्यता अनुकूल नै हुन्छ। तर आफ्ना मागहरू सम्बोधन गराउन आन्दोलन नै गर्नुपर्ने वातावरणको सिर्जना हुनु चिन्ताको विषय हो।'

विद्यालय बन्द हुँदा बालबालिकाको शिक्षाको अधिकार सुनिश्चिततामा बाधा पुग्ने आयोगको ठहर छ।

## अध्यक्षबाट बचत अपचलन, सनराइज सहकारी बन्द


सनराइज
बहुउद्देश्यीय सहकारी संस्था लि.
SUNRISE MULTIPURPOSE CO-OPERATIVE LTD.

दर्ता नं.: ४२/०७८/०७९
बुटवल -११, देवीनगर
रुपन्देही, नेपाल

सूचना ! सूचना !! सूचना !!!

धन्यवाद,

सनराइज परीवार

**यमलाल भुसाल**
*बुटवल*

बुटवल ११ देवीनगरमा सञ्चालित सनराइज बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्षले बचतकर्ताको रकम कुम्लाएर फरार भएका छन्।

सहकारीले गत चैत ३१ गतेसम्म बजारबाट रकम उठाएको र सोही दिन नै एक सूचना टाँस गरी सहकारी बन्द रहने जानकारी गराएको छ। कार्यालयमा टासिएको सूचनामा सहकारीका अध्यक्ष आकाश भट्टराईले आर्थिक अपचलन गरी केही समयदेखि सम्पर्कमा नआएको र अध्यक्षको खोजी जारी रहेको र पछिल्लो समयमा कर्मचारीको भरमा बजारलाई चलायमान बनाउन बचत कर्ताबाट असहज परिस्थिति सृजना भएको भन्दै चैत ३१ गतेको मितिमा सूचना टासिएको छ।

सूचनामा बचतकर्तालाई अध्यक्षको खोजी गर्न आवश्यक पहल गर्न समेत अपिल गरिएको छ। सहकारीले कार्यालयमा सूचना टासी सहकारी बन्द भएको गाईगुई हल्ला भएपछि आफ्नो बचत रकम लिनका लागि कार्यालयमा गएकी बुटवल ७ दीप नगरकी स्मृति पाण्डे पौडेलले दैनिक एक/ दुई सयका दरले जम्मा गरेको रकम लिन आउँदा सहकारी नै बन्द भएको देख्दा निकै पीडा भएको दुखेसो गरिन।

स्मृति जस्तै बुटवल ११ देवीनगरकी तारा विश्वकर्मा खाई नखाई बचत गरेको रकम आवश्यक परेकोले लिन जाँदा कार्यालय नै बन्द गरिएको र पैसा उठाउने बहिनीहरुले फोन पनि उठाउन छाडेको बताइन्।

लुम्बिनी प्रदेश सरकारका सहकारी रजिष्टार मधुकृष्ण पौडेलसँग जिज्ञासा राख्दा प्रदेश स्थापना भएपछि दर्ता भएका सहकारीको अवस्था नराम्रो भएको बताउँदै तीनै सहकारीहरुले बदमासी गरिरहेको बताए।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# सम्भव छ बुटवलमा पर्यटन

व्यापारिक र औद्योगिक नगरको पहिचान बनाएको बुटवलमा पर्यटन प्रवर्धन गर्नेबारे अहिले बहस र चर्चा चल्न थालेको छ। सामान्य बहस र चर्चा मात्रै नभएर केही पर्यटकीय पूर्वाधार पनि बनेका छन् । ती पूर्वाधारमा भएको लगानीले पर्यटन प्रवर्धनको संभावना गर्न सकिन्छ भन्ने आधार पनि दिएको छ। तर पर्यटन प्रवर्धनका लागि तहगत सरकार र निजी क्षेत्रले गर्नुपर्ने कामको योजनाबद्ध लेखाजोखा नहुँदा पर्यटन प्रवर्धनले लय समात्न सकेको छैन।

कुनै बेलाको बटौली अहिले बुटवलको नामले चिनिन्छ । समय बदलिएसँगै बटौलीको नाम फेरिएको छ। नाम मात्रै फेरिएन्, यहाँको अर्थतन्त्र र क्रियाकलाप पनि बदलिएका छन्। कुनै बेला पहाडका बासिन्दाको नुन किन्ने बजार बटौलीको व्यापार फेरिएको छ। सिद्धार्थ राजमार्ग र महेन्द्र राजमार्ग निर्माण भएसँगै बटौलीबाट खस्यौलीमा बजार विस्तार भयो। व्यापारको शैली बदलियो । लामो समयसम्म व्यापारको केन्द्र बुटवलले आफूलाई अब्बल सावित गर्न बहुआयामिक ढंगले सोंच्नुपर्ने भएको छ।

अब व्यापारका लागि बुटवलमै निर्भर रहनुपर्ने अवस्था अन्त्य भएको छ। सडक सञ्जालको विस्तारले बुटवलमा निर्भर व्यापार विकेन्द्रित भएको छ। समयको गतिमा कुद्न नसक्दा हिजोका चर्चित बजार शहर अहिले ओझेलमा छन्, यो स्वभाविक प्रक्रिया हो। बुटवलको व्यापार व्यवसाय ठप्प नै हुने होइन, तर सडक सञ्जाल विस्तारले थपेको चुनौतीका सामु बुटवललाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न योजनाबद्ध प्रयासको खाँचो छ। दुई सय वर्षअघि भएको नेपाल-अंग्रेज युद्धमा विजय हासिल गरेको जितगढी किल्लामा पर्यटक आकर्षित गर्ने कार्यक्रम खोई ? बुटवल उप-महानगरपालिकाले पहलकदमी लिनुपर्छ। पहिले हामीले संरक्षण र पूर्वाधार बनाउन चासो दिएनौं । अहिले बनाएका छौं, पर्यटन प्रवर्धनको काम सुस्त छ। दर्जनभन्दा बढी साँस्कृतिक धरोहरको प्रचार प्रसार गर्न ढिलाइ भइरहेको छ। जितगढी युद्ध संग्रहालय निर्माण भएको छ, तर सञ्चालनको लागि पटक्कै ध्यान छैन।

बुटवलमा दुई केबुलकार सञ्चालनमा आएका छन् । दुई केबुलकार सञ्चालन भएसँगै पर्यटक घुम्नका लागि र भुलाउनका लागि पूर्वाधार अझैं बढाउनुपर्छ । छिमेकी पाल्पाका पालिकासँग मिलेर बुटवल उप-महानगरले पर्यटन प्रवर्धनका योजना बनाउने र ती योजना कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारको साथ आवश्यक छ।

१ करोड १० लाख वर्ष पुरानो रामापिथेकसको दाँत भेटिएको ठाउँ अध्येताका लागि मात्रै नभई नयाँ पुस्ताका लागि रुचीको विषय हुनसक्छ। मेसिन विना मान्छेले खनेर बनाएको सुरुङमार्फत् पानी खसालेर बनेको तिनाउ जलविद्युत् आयोजना पर्यटकका लागि आकर्षक गन्तव्य हुनसक्छ। ऐतिहासिक र साँस्कृतिक स्थल बटौली बजारको मौलिकता जोगाउन सक्दा बुटवलले धेरै लाभ लिन सक्छ, तर बटौलीको मौलिकता नासिँदा बोल्ने कोही छैन। बुटवलबाट निश्चित समयको अन्तरमा बुटवल-लुम्बिनी यातायातको साधन चलाउन सके साँझको विश्रामस्थल बुटवल हुनसक्छ।

पर्यटन प्रवर्धनका लागि बुटवल राम्रो स्थल हो। बुटवललाई पर्यटनको केन्द्र बनाउने नेतृत्व उम-हानगरपालिकाले लिएर सरोकारवालालाई सँगै लिएर अघि बढ्ने हो भने बुटवलको मुहार बदलिन्छ।

# शिक्षक आन्दोलन र यसको प्रभाव !



नगेन्द्रराज पौडेल

चीनको भ्रमणबाट फर्कदासाथ प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षक आन्दोलनप्रति लक्षित गर्दै भने-'शिक्षकलाई म धन्यवाद दिन्छु, यसअघिका सरकारले कुरा सुन्दैन्थ्यो, यसैले उहाँहरू काठमाडौं आएर आन्दोलन गर्नुभएन। यो सरकारले सुन्छ भनेरै आफ्ना मागहरू राखेर काठमाडौं आउनुभएको रहेछ। २, ४ जना मात्र आएर भनेको भए पनि हुने थियो। यो सरकारले उहाँहरूको कुरा सुन्छ।'

यो सुन्दा धेरैलाई प्रधानमन्त्रीले भनिसकेपछि अब शिक्षक आन्दोलन स्थगित हुनेछ र शिक्षकका माग पूरा भइहाल्नेछन् भन्ने पनि लागेको हुँदो हो । यसो त प्रधानमन्त्री ओलीले शिक्षक आन्दोलनका क्रममा प्रतिपक्षमा हुँदा बोलेको एकथरी र सत्तापक्षमा हुँदा बोलेको अर्कोथरी भनाइ यतिबेला सार्वजनिक भइरहेको छ। प्रधानमन्त्री ओलीको मात्र होइन, हरेकको सत्तामा हुँदा बोल्ने र सत्ताबाहिर हुँदा बोल्ने शैली नै फरक-फरक पाइन्छ। समस्याको जड यहीँनेर छ।

सत्तासीन नेपाली कांग्रेसका महामन्त्री गगन थापाले त शिक्षकका समस्या सरकारले समाधान गर्न सक्छ, समाधान गरेर पठाइदिँदा हुन्छ भनेका छन्। सो पार्टीका सभापति शेरबहादुर देउवा शिक्षकका समस्या छिटै समाधान गर्नुपर्ने बताउँछन् । सभापति देउवा हुन् वा महामन्त्री थापा, उनीहरू कसलाई यो कुरा सुनाउन यसो भनेका छन् ? पहेली नै बनेको छ । सरकार उनीहरूको छ । सरकारमा बसेर सार्वजनिक खपतका लागि लोकप्रिय भाषण दिनुको सट्टा शिक्षकका माग सम्बोधन गरी उनीहरूलाई विद्यालयतिर फर्काउन केले रोकेको छ ? यसो गर्दा के बिग्रन्छ ?

केही दिनअघि प्रधानमन्त्री ओलीको शिक्षकका माग पूरा गर्न सकिँदैन भन्दै ५२ प्रतिशत विद्यार्थी फेल गराउनलाई किन माग पूरा गर्ने भन्ने अर्कोथरी भनाइ यतिबेला सार्वजनिक सञ्जालमा भाइरल बनेर आएको छ। यसरी केही दिनअघि माग पूरा गर्न सकिँदैन भन्ने ओली र केही समयपछि सरकारले कुरा सुन्छ, समस्या समाधान गरेर छाड्छ भन्ने ओलीबिचको अन्तर के हो त ? कुन कुरामा शिक्षक विश्वस्त हुने हो ? यो सरकारी रबैया अर्को पहेली बनेको छ।

यसरी हेर्दा शिक्षकको आन्दोलनलाई सरकारले खासै महत्व दिएजस्तो देखिँदैन। शिक्षामन्त्री विद्या भट्टराईले समेत हिउँदे अधिवेशनबाट विधेयक जारी गराउन नसके आफूले मन्त्री पदबाट राजीनामा गर्ने बताएकी थिइन् । उनले भनेको हिउँदे अधिवेशनमा यो विधेयक छिर्न नपाउँदै अन्त्य गरिएको छ । शिक्षकका समस्या भने यथावत् छन् ।

यतिबेला देशभरका शिक्षकले काठमाडौंकेन्द्रित भएर सडक आन्दोलन थालेको आज १४ दिन पुगिसकेको छ । मोफसलबाट दिनानुदिन शिक्षकहरू आन्दोलनमा थपिँदै छन् । शिक्षक महासंघका अध्यक्षले आन्दोलनको उपलब्धि पनि बराबर उपभोग गरिने भएकाले सहभागिता पनि बराबर हुनुपर्ने भन्दै सबै शिक्षकलाई विद्यालय बन्द गरी राजधानी आउन आह्वान गरेका छन् ।

शिक्षकका धेरै मागमध्ये स्थानीय तहमातहत नबस्ने पुरानो मागबाट उनीहरू पछि हटे पनि अन्य मागमा भने अझैं सहमति भएको छैन। यद्यपि सरकार र महासंघबिच संवाद भने जारी छ । सरकारसँग यसअघि गरिएका पुराना सहमति नै पालना गरिदिए स्वतः आफ्ना माग पूरा हुने उनीहरूको भनाइ छ । यसअघि भएका आन्दोलनमा सरकार र शिक्षकबिच तीनपटकसम्म सहमति भइसकेको थियो, तर सहमति कार्यान्वयन हुन सकेको थिएन। जसको परिणाम आज देखिएको शिक्षक आन्दोलन हो।

**प्रभाव**

सरसर्ती हेर्दा शिक्षक आन्दोलनमा छन् भन्ने देखिन्छ । यसले सार रूपमा पार्ने अन्य असरमा खासै चिन्ता गरेको पाइँदैन । यतिबेला ५ लाखभन्दा बढी विद्यार्थी एसईई परीक्षा दिएर बसेका छन् । ती विद्यार्थीको उत्तरपुस्तिका परीक्षण सुरु हुन सकेको छैन। एसईईको नतिजा असार पहिलो साता प्रकाशन गर्ने राष्ट्रिय परीक्षा बोर्डको कार्यतालिका छ। ११ बैशाखदेखि सञ्चालन हुने कक्षा १२ को परीक्षाको तयारीमा पनि शिक्षक आन्दोलनले असर पारेको छ। बैशाख पहिलो साता सुरु हुने नयाँ शैक्षिक सत्रको कार्यतालिका पनि प्रभावित हुने भएको छ।

यतिबेला नयाँ शैक्षिक सत्रको समय छ । यो भनेको विद्यार्थी भर्नाको समय हो । सरकारले शैक्षिक सत्रको पहिलो सप्ताहलाई भर्ना अभियानका रूपमा मनाउन थालेको दुई दशकभन्दा बढी भइसकेको छ । उता सामुदायिक विद्यालयको यो हालत देखेर अभिभावक आफ्ना बालबच्चा संस्थागत विद्यालयतिर लान थालेका छन्। सार रूपमा आन्दोलनले पार्ने प्रभाव निकै गम्भीर र दीर्घकालीन प्रकृतिका छन् । यसरी अरू केही दिन यो आन्दोलन यसरी नै लम्बियो भने हाम्रा सामुदायिक विद्यालय विद्यार्थीबिनाका विद्यालय बन्न पुग्नेछन् । यसकारण पनि सरकार शिक्षकका मागका सबन्धमा बढी गम्भीर हुन जरुरी छ।

**ऐन नै अलपत्र**

प्रतिनिधिसभामा २७ भदौ २०८० मा दर्ता भएको विद्यालय शिक्षा विधेयक डेढ वर्षदेखि छलफल हुँदा पनि टुंगिन सकेको छैन । सो विधेयकमा आफ्ना समस्या सम्बोधन हुनुपर्ने माग लिएर देशभरका सरकारी विद्यालयका शिक्षक आन्दोलित छन्। शिक्षक महासंघको आयोजनामा भएको प्रदर्शनमा देशभरका शिक्षकलाई राजधानी उतारिएको छ। उनीहरू कहिले नारा जुलुस गर्दै, कहिले सिठी जुलुस, कहिले मौन जुलुस त कहिले कोणसभा गर्दै आफ्ना मागका सरकारको ध्यानाकर्षण गराएका छन् । आन्दोलनका क्रममा समूह-समूह बनाएर गीत गाउनेदेखि भाषण गर्नेसम्मका क्रियाकलाप चलिरहेका छन्। सापेक्षित रूपमा उनीहरूको आन्दोलन भद्र, अनुशासित र संयमित देखिएको छ । चाहने हो भने राजनीतिक दलहरूले शिक्षकको आन्दोलनबाट सिक्न सक्छन्। आजसम्म उनीहरूले धैर्य गुमाएका छैनन्। नेकपा माओवादीलगायतका राजनीतिक दलले शिक्षकका माग जायज भएकाले पूरा हुनुपर्ने जिकिरसहित आन्दोलनमा ऐक्यबद्धता जनाएका छन्। कतिपय सत्तारूढ दलका नेताहरू पनि उनीहरूका मागमा एकमत देखिन्छन्।

**खास माग**

२०७५, २०७८ र २०८० मा भएका सहमति सम्बोधन हुने गरी यथाशीघ्र विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग शिक्षकको छ। राहत, साविक उच्च माध्यमिक, शिक्षण सिकाइ अनुदान, प्राविधिक ग्रेड, बालविकास सहयोगी कार्यकर्ताको उपदानलगायत सबै अस्थायी शिक्षकको दरबन्दी कायम गरी आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्नुपर्ने र स्थायी हुन नसके 'गोल्डेन ह्यान्डसेक' दिइनुपर्ने माग राखिएको छ।

शिक्षक स्थायित्व, बढुवा, तलबमानसहित ग्रेड, सेवासुविधा, अस्थायी अवधिको नोकरी गणना र निवृत्तिभरणलगायत विषय शिक्षा विधेयकमा रहनुपर्ने शिक्षकका माग छन् । शिक्षकको कार्यसम्पादन मूल्यांकन, सरुवा, विद्यालय व्यवस्थापन समितिको संरचना, शैक्षिक प्रशासनमा शिक्षकको सहभागिता, शिक्षण परिषद्को व्यवस्था, शिक्षकको पद समायोजन, दरबन्दी हस्तान्तरण, संविधानप्रदत्त ट्रेड युनियनजस्ता विषय पनि आन्दोलनरत शिक्षकले उठाएका छन्। शिक्षकलाई हुने विभागीय कारबाही, संस्थागत विद्यालयका शिक्षकको सेवासुविधा, शिक्षकको सेवा प्रवेश उमेर, शिक्षक अस्पताल, बिदा र अध्ययन, अनुसन्धानमा आर्थिक सहयोगलगायत विषय पनि यसपटक उठाइएको छ । शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान, विद्यालयका कर्मचारीको दरबन्दी कायम तृतीय, द्वितीय, प्रथम र विशिष्ट श्रेणीमा अनुपात वृद्धि गरी शिक्षक बढुवा, हरेक १०-१० वर्षमा शिक्षक बढुवाको व्यवस्थालगायत सरकारसँग यसपूर्व गरिएको सहमतिअनुसार विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग उनीहरूको छ।

त्यस्तै, हरेक १० वर्षमा शिक्षक बढुवाको व्यवस्था गर्नुपर्ने, निजी विद्यालयका शिक्षकको तलब सामुदायिक विद्यालयका शिक्षकको सरह हुनुपर्ने, शिक्षण पेसा प्रवेश उमेर ४० वर्ष कायम गर्नुपर्ने, शिक्षकका लागि राष्ट्रिय मर्यादाक्रमको व्यवस्था गर्नुपर्ने माग पनि छ। शिक्षकलाई अध्ययनमा आर्थिक सहयोगको व्यवस्था, मासिक तलब तथा शिक्षक अस्पताल स्थापनाको विषय पनि शिक्षकले उठाउँदै आएका छन्।

यी सबै माग आजको आजै पूरा गर्न नसकिएला तर पनि कतिपय माग विशुद्ध शैक्षिक प्रकृतिका पनि छन् । यिनमा सम्बोधन गर्न सकिन्छ। शिक्षकले आफूलाई शासित गर्ने ऐन देऊ भनेर सडकमा आउनुपर्ने अवस्थालाई कुनै पनि हालतमा राम्रो मान्न सकिँदैन। कतिपय माग आर्थिक पक्षसँग सम्बन्धित छन्। कतिपय माग शिक्षा ऐनमा उल्लेख गर्नुपर्ने छन्। कतिपय माग शिक्षक सेवा आयोग ऐनमा संशोधन गर्ने खालका छन्।

स्थानीय सरकार मातहत नबस्ने शिक्षकको माग संविधानको संशोधनबिना पूरा हुन सक्दैन । सरकारले उनीहरूलाई यही कुरा भनिदिनुपर्छ । किनकि, नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकार सूचीमा राखिएको छ। शिक्षकलाई विभागीय कारबाही गर्ने जिल्ला, प्रदेश र संघका कार्यालयको कार्यविभाजन हुने व्यवस्था, शिक्षकको कार्यसम्पादन मूल्यांकन शिक्षा विकास तथा समन्वय एकाइ र प्रादेशिक कार्यालयबाट गर्ने व्यवस्था, शिक्षकको सरुवा पालिका, जिल्ला र प्रदेश तहबाट गर्ने मापदण्ड बनाउने कुरामा भने नीतिगत र कानुनीगत प्रक्रिया पूरा गर्नुपर्छ, यसका लागि समय लाग्छ भन्ने कुरा सम्बद्ध पक्षले शिक्षकलाई स्पष्ट भनिदिनुपर्छ।

प्रस्तावित ऐनलाई प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले हालै प्रदेशस्तरीय अन्तर्क्रिया सकेर समितिमा छलफल गरिरहेको अवस्था छ। उपसमिति नै बनाएर विधेयकलाई टुंगो लगाउने प्रयास पनि भइरहेको छ। तर, यसको गति धीमा छ । हिउँदे अधिवेशनमा सो विधेयक पारित हुने अपेक्षा गरिएको भएता पनि अधिवेशन नै अन्त्य गरिएकोले सो सम्भावना टरेको छ। तसर्थ, यी सबै माग पूरा गरेर एक थान ऐन लिएर विद्यालयमा फर्कने शिक्षकको माग अहिले सम्भव हुने देखिँदैन। अब सरकारसँग कि त विशेष अधिवेशन बोलाएर कि त अध्यादेश जारी गरेर मात्र शिक्षा विधेयक पारित गर्ने विकल्प छ। वर्षे अधिवेशनसम्म कुर्न शिक्षक चाहिरहेका छैनन्।

राजधानीबाट


## Tourism Division Office, Rupandehi

## Invitation for Sealed Quotation

Publication:2025-April-16(2082-01-03)

Tourism Division Office, Rupandehi invites bids for the construction of following works under NCB/ Sealed Quotation (SQ) Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid by electronic only with the requested documents within the mentioned period.

| S. N | Contract ID No | Work Description | Bid security Amount, NRs | Estimated Amount (without VAT & Contingency), NRs | Bid Document Fee (Non Refundable) (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | TDO/RUP/ SQ/081 /082-196 | Construction Of Building at kankeDeurali Madane-06,Gulmi | 38,000.00 | 12,82,627.24 | 1,000.00 | |
| 2 | TDO/RUP/ SQ/081/ 082-197 | Construction Of Truss at Saraswati Tharka Bahadur Raymajhi Rohini-03,Rupandehi | 25,000.00 | 8,55,367.10 | 1,000.00 | |
| 3 | TDO/RUP/ SQ/081/ 082-198 | Slab Casting Work at Lumbini Lok Sangralaya Tilottama-04, Rupandehi | 38,000.00 | 12,83,065.86 | 1,000.00 | |
| 4 | TDO/RUP/ SQ/081 /082-199 | Incomplete Building Completion Work at Paryatan Suchana Kendra Kapilvastu-09, Kapilvastu | 38,000.00 | 12,83,560.10 | 1,000.00 | |
| 5 | TDO/RUP/ SQ/081/ 082-200 | Construction Of Steps at Mashina Lake Bhumikasthan-09, Arghakhanchi | 25,000.00 | 8,55,893.24 | 1,000.00 | |
| 6 | TDO/RUP/ SQ/081/ 082-201 | Construction Of Retaining Wall, Boundry& Pathway Work at Baunnaghola Bardhaghat-10, Nawalparasi | 50,000.00 | 17,12,938.29 | 1,000.00 | |
| 7 | TDO/RUP/ SQ/081 /082-161 | Construction Of Tree House at Dhurkot-03,Hadhade Gulmi | 25,000.00 | 8,55,333.79 | 1,000.00 | Re-Bid |
| 8 | TDO/RUP /SQ/081/ 082-169 | Construction Of Septic Tank & ,Toilet Work at Durga Mandir Rampur-6, Majhtole Papla | 25,000.00 | 8,56,172.61 | 1,000.00 | Re-Bid |
| 9 | TDO/RUP/ NCB/081/ 082-153 | Construction Of Boundary Wall,Circular Shed & Tree House at Narpani Sahid Smriti Park Sa.Na.Pa-06, Arghakhanchi | 75,000.00 | 25,68,938.47 | 3,000.00 | Re-Bid |

Office Chief


# नेप्से परिसूचकमा २७ अङ्कको वृद्धि

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार २७ दशमलव १४ अङ्कले बढेर दुई हजार छ सय ८९ दशमलव २२ को बिन्दुमा कायम भएको छ।

विभिन्न तीन सय २० कम्पनीका दुई करोड १८ लाख ४१ हजार ४७ कित्ता शेयर ६९ हजार तीन सय ६४ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ५४ करोड ४३ लाख ५७ हजार आठ सय ८७ बराबरको कारोबार भएको छ।

म्युचुअल फन्ड शून्य दशमलव ०७ र व्यापार शून्य दशमलव ६४ प्रतिशतको गिरावट देखिएको छ भने अरु सबै समूहको उपसूचक बढेको छ।

सबैभन्दा धेरै विकास बैंक समूह दुई दशमलव ४६ र लगानी समूह दुई दशमलव ७१ ७१ प्रतिशतले बढेको छ। बैंकिङ शून्य दशमलव ४८, वित्त एक दशमलव ५९, होटल तथा पर्यटन एक दशमलव ९९, जलविद्युत् एक दशमलव ४७, जीवन बीमा शून्य दशमलव ८१, उत्पादन तथा प्रशोधन एक दशमलव २२, लघुवित्त शून्य दशमलव ६० र निर्जीवन बीमा समूह एक दशमलव ०७ प्रतिशतले बढेको छ।

कारोबारमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड र सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

सबैभन्दा बढी बलेफी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ।

कारोबार रकम र शेयर संख्याका आधारमा सबैभन्दा धेरै बलेफी हाइड्रोपावर लिमिटेडको रु दुई अर्ब एक करोड २९ लाख ९३ हजार एक सय ४२ बराबरको ८६ लाख ७८ हजार दुई सय २५ कित्ता शेयर किनबेच भएको छ।

# ‘भारतीय पर्यटकलाई आकर्षित गरौं’

भैरहवा । नयाँ वर्ष २०८२ को अवसरमा भैरहवामा सोमबार सिद्धार्थ सडक खाना महोत्सव (फुड फेस्टिभल) गरिएको छ । होटल तथा रेष्टुरेण्ट व्यवसायी सङ्गठन, रूपन्देहीको आयोजनामा भैरहवामा नयाँ वर्ष २०८२को अवसरमा सिद्धार्थ सडक खाना महोत्सव गरिएको हो । चैत ३१ गते होटल तथा रेष्टुरेन्ट व्यवसायीहरूको आयोजना तथा भैरहवामा रहेका विभिन्न सङ्घसंस्थाको सहकार्यमा सडक खाना महोत्सव हुन लागेकोमा एक्कासी आएको वर्षातले गर्दा आइतबारको सडक खाना महोत्सव सोमबार सारिएको सङ्गठनका अध्यक्ष रामप्रसाद पोखेलले बताए ।

आन्तरिक तथा भारतीय पर्यटकलाई आकर्षित गर्नका लागि भैरहवा स्थित आखा अस्पताल रोडमा सडक खाना महोत्सव आयोजना गरिएको हो । महोत्सवमा नेवारी, थारू, गुरुङ, मगरलगायतका विभिन्न जातजातिको खानाहरू साथै यस क्षेत्रकास्तरीय होटलका परिकारहरुका स्टल रहेका थिए । सडक खाना महोत्सवमा नेपालीसँगै भारतीय, चाइनिजलगायतका विभिन्न देशका परिकारहरु समेत उपलब्ध हुने र एकै थलोमा विभिन्न खाद्य परिकार पाइने भएकाले नव वर्ष २०८२ लाई स्वागत गर्दै सडक खाना महोत्सवको साथमा विविध सांस्कृतिक कार्यक्रम समेत भएको अध्यक्ष पोखेलले बताए ।

कार्यक्रममा बोल्दै सिद्धार्थनगर नगरपालिकाका प्रमुख (मेयर) इशितयाक अहमद खाँले भारतीय पर्यटकलाई आकर्षित गर्न पर्यटन व्यवसायीलाई आग्रह गरेका छन् । उनले विश्वमा सबैभन्दा धेरै खचार्लु पर्यटक भारतीय र चिनियाँ रहेकोले नजिकै र सहज रुपमा आउने भारतीय पर्यटकलाई आतिथ्यता दिनुपर्ने बताए ।

ट्राफिक र भौतिक पूर्वाधारले सास्ती पाइरहेका भारतीय पर्यटकलाई सहज रुपमा आउने वातावरण बनाउनु पर्ने उनले जनाए । ‘त्यस्ता पर्यटकलाई सिमा विन्दुको एक ठाउमा जाँच गरी जान मिल्ने वातावरण बनाउनु पर्छ, पाइला पिच्छे प्रहरी र ट्राफिकको सास्तीले भनरतीय पर्यटकमा नाकारात्मक असर पुगेको छ ।’-उनले भने ।

मेयर खाँले वार्षिक १०-२० लाख भारतीय पर्यटक नेपाल ल्याउन सकिए त्यो नेपालका लागि पर्याप्त हुने बताए । ‘म सुरक्षा निकायलाई के भन्न चाहन्छु तपाईंहरु भारतीय पर्यटकलाई दुःख नदिनुस् । एक ठाउँमा चेक गर्नुस् । त्यसपछि पूरा प्रदेशभरी चेक नगर्नुस् ।’-उनले भने ।

मेयर खाँले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि अब काठमाडौं गएर पहल थालिने बताए । त्यस्तै नगर उपप्रमुख उमा अधिकारीले सडक खाना महोत्सव सञ्चालनका लागि सिद्धार्थनगर नगरपालिकाले साथ र सहयोग गर्दै आएको र आगामी दिनमा पनि गरिरहने बताइन् । उनले मर्यादित र व्यवस्थित पर्यटकीय हब बनाउन आवश्यकता रहेको बताइन् । रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले आर्थिक क्रियाकलापहरुलाई उर्जा दिने अभिप्रायले सडक खाना महोत्सवको आयोजना गरिएको जनाए ।

कार्यक्रममा सिद्धार्थ सञ्जाल, रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवाली, होटल व्यवसायी महासंघका केन्द्रीय सदस्य तथा पर्यटन विकास परिषद्का सदस्य राजेश महोत्रा, सिद्धार्थनगर नगरपालिका-६ का वडाध्यक्ष विरेन्द्रनाथ श्रीवास्तव, सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका वरिष्ठ उपाध्यक्ष दिलिपकुमार कान्दु, चेम्बर अफ कमर्स, रुपन्देही (उद्योग व्यापार संगठन, रुपन्देही) का अध्यक्ष दर्पण श्रेष्ठ, लुम्बिनी प्रेस क्लब, रुपन्देहीका अध्यक्ष कमल रायमाझी, आयोजक संस्थाका महासचिव सुनिल क्षेत्रीलगायतले बोलेका थिए । सडक खाना महोत्सवमा ८० बढी वटा स्टल रहेका थिए ।

महोत्सवमा झण्डै १ करोड बराबरको कारोबार भएको होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन, रुपन्देहीका महासचिव बालबहादुर घिमिरे (सुनिल) ले बताए ।

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

दुम्किवास,नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८१/१०/२८
दोस्रो पटक प्रकाशित मिति २०८१/१२/०५
तेस्रो पटक प्रकाशित मिति २०८२/०१/०३

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२कर यस विनयी त्रिबेणी गाउँपालिका आर्थिक ऐन,२०८१को व्यवस्था तथागाउँकार्यपालिकाको मिति २०८१/१०/१४ गतेको निर्णयानुसार तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी विनयी त्रिबेणी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाण,आ.व. २०८०/०८१को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी देहाय बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.न. | बोलपत्र नं. | बोलपत्रको विवरण | GPS Point | | उत्खनन् परिमाण (घ.मि.) | दररेट प्रदेश सरकारले तोके बमोजिम | न्युनतम बोलपत्र रकम (अग्रिम आयकर र मु.अ कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तल्लो बिन्दुः | माथिल्लो बिन्दुः | | | | | | |
| १ | 31/BTRM/NBC/ Rev/2081-082 | पाखापानीदेखी मसान मजुवा सम्मको क्षेत्र १ | २७°३९'५२.४७"N ८३°४९'८.१९"E | २७°४०'५.६९"N ८३°४७'४८.७७"E | २५२००.०० | ३१७.८८ | ८०१०५७६.०० | २७१५५९ | ३००० | |
| २ | 32/BTRM/NBC/ Rev/2081-082 | पाखापानीदेखी मसान मजुवा सम्मको क्षेत्र २ | २७°४०'२५.३९"N ८३°४७'३.११"E | २७°४०'४१.६८"N ८३°४६'०.४७"E | २५९८३.२५ | ३१७.८८ | ८२५९५५५.५१ | २७९९९९ | ३००० | |
| ३ | 33/BTRM/NBC/ Rev/2081-082 | मसानमजुवा देखि खुमबारी सम्मको खण्ड | २७°४०'३९.५७"N ८३°४५'३३.८४"E | २७°४०'४७.२०"N ८३°४४'५९.६१"E | २१०००.०० | ३१७.८८ | ६६७५४८०.०० | २२६२९९ | ३००० | |
| ४ | 37/BTRM/NBC /Rev/2081-082 | सिरवारखहरे खण्ड | २७°३८'२५.७४"N ८३°५२'५९.४९"E | २७°३८'३६.८४"N ८३°५१'५५.०८"E | ६३२१.०० | ३१७.८८ | २००९३१९.४८ | ६८११६ | ३००० | |
| ५ | 40/BTRM/NBC/ Rev/2081-082 | पातखहरेखोला | २७°३९'५६.११"N ८३°५३'७.४१"E | २७°३९'४६.१४"N ८३°५३'२६.८२"E | ६१८२.८० | ३१७.८८ | १९६५३८८.४६ | ६६६२७ | ३००० | |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं.००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना तेस्रो पटक प्रकाशन भएको मितिले २०८२/०१/१० गते १२:०० बजेसम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।बोलपत्रपेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै भोलिपल्ट कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको ठेक्काको धरौटी रकम यस कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (बिड बण्ड)पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना,कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम,ठेगाना, फोन नं. मोबाइल ल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई तेस्रो पटक सुचना प्रकाशित भएको मितिले २०८२/०१/१० गतेका दिन दिनको १२:०० बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८२/०१/१०गते १:०० बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८२/०१/०७ गतेकादिन दिनको १:०० बजे विनयी त्रिबेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपलट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको वा सुचनाटाँस भएको मितिले १५दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको ५ प्रतिशतले हुने रकम कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ अथवा असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) पेश गर्नुपर्ने छ, कार्य सम्पादन जमानत नियमानुसार कार्य गर्न फर्म वा कम्पनिको कार्यालयमा बुझाउनु पर्ने रकम, उत्खनन परिमाण तथा ठेक्काको सम्पूर्ण कार्य सम्पन्न भए पश्चात फिर्ता गरिनेछ अन्यथा जफत गरिनेछ, साथै कबोल अंकको एकमुष्ठ बुझाइ सम्झौता गर्न सक्नेछ अथवा तेस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असारमसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५०प्रतिशतले हुने रकमजेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाँउपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४,गाउँपालिकाबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२साल जेठ मसान्तसम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिनेछ, साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पुर्ति दावी गर्न पाईने छैन । यकिन भएको परिमाण भन्दा बढी परिमाण विक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामा बुझाउनुपर्नेछ ।(IEE)प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी रनिषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र बिक्री वितरण गरिएको यथार्थ परिमाण खुलाइ गाउँपालिकामा विवरण पेश गर्नु पर्ने छ ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनीले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ ।

५. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

६. गाउपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन ।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

९. नदीजन्य पदार्थको उत्खनन विहान सूर्योदय देखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौंता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सोमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन ।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग गाउँपालिकालाई स्वीकार्य हुनेछैन ।

१२. ढुंगा, गिट्टी, बालुवा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१३. नदीजन्य पदार्थलाई घाटगद्धि गाउँपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ,नदीजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र बिक्री वितरण गर्नुपर्ने छ ।

१४. ढुंगा,गिट्टी, बालुवा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुङ्गा गिट्टि,वालुवा उत्खनन, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी, २०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७,विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७, ढुङ्गा गिट्टि, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड,२०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१६. अन्य विस्तृत जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्न सकिने छ ।

१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

### गोरखा...

यो अभियानाले पाल्पालगायतका जिल्लाको ऐतिहासिक पक्षहरुको उजागर भएको र पाल्पामा नयाँ पर्यटकीय गन्तव्यको निर्माण भएको जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले बताए ।

पदयात्राको मुख्य केन्द्र भाग नै पाल्पा जिल्ला हो । पाल्पामा धेरै मात्रा युद्धसंग सम्बन्धित गढी, किल्ला, कोत, दरबार, चौतारा, विश्राम स्थलहरु रहेका छन् । पदयात्रा कार्यक्रमले पाल्पाका अधिकांश स्थानहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गरेको छ । विभिन्न स्थानहरुको संरक्षण र प्रवर्द्धन गर्न दबाब बढेको छ । समग्रमा पाल्पा जिल्ला नै नेपाली सेनाको केन्द्र भागमा परेको प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले बताए ।

पाल्पामा एकीकरण पदयात्रा टोली दि फेमश महिन्द्रदल गणको नेतृत्वमा राष्ट्रिय झन्डासहित एकीकरणको दौरान स्थापना भएका पाँच प्रथम कम्पनी श्रीनाथ, कालीबक्स, बर्दवाणी, सबुज, पुरानो गोरख र जितगढी लडाइँमा सहभागी गुरुबक्स गुल्मको झन्डा बोकेर बाजागाजासहित स्थानीयवासीसंग भलाकुसारी गर्दै ६ दिनमा १६५ किलोमिटर यात्रा गर्ने गणका प्रमुख सेनानी भुपेन्द्र गुरुङले बताए । एकीकरण पदयात्रामा गोरखाको रिपुमर्दन गण, तनहुँको रुरु भैरवदल गण, काली भञ्जन गण, राजदल गण, पाल्पाको दि फेमस महिन्द्रदल गण र रुपन्देहीको तारादल गण प्रत्यक्ष सहभागी रहेका छन् । पदयात्रा टोलीमा ५३ जनाको सहभागिता रहेको छ ।

नेपाली सेनाले सुरु गरेको गोरखा जितगढी पदयात्राले हराउँदै गएको इतिहास जोगिएको छ । । पदयात्राको क्रममा भेटिएका युद्धसंग सम्बन्धित बस्तुहरुको उजागर, संरक्षण, प्रचारप्रसारको लागि नेपाल सरकारले स्थानीय सरकारसंग सहकार्य गरेर बजेट नै विनियोज गरेर काम गर्नुपर्ने रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले बताए । यो पदयात्रालाई कर्मकाण्डी बनाउनु हुँदैन, प्रतिफल आउने गरी काम गर्नुपर्नेमा नगर प्रमुख थापाले सुझाव दिए ।

पदयात्राा टोलीलाई पाल्पाका ७ वटा स्थानीय सरकारहरु रामपुर नगरपालिका, निस्दी गाउँपालिका, पूर्वखोला गाउँपालिका, रम्भा गाउँपालिका, माथागढी गाउँपालिका, तानसेन नगरपालिका र तिनाउ गाउँपालिकाले सहयोग र समन्वय गर्ने छन् ।

### अध्यक्षबाट...

नियत नै गलत राखेर सहकारी प्रदेशमा दर्ता हुने गरेको समेत उनको कथन छ ।

प्रदेश सरकारले नियमन गर्ने ८ सय ४८ सहकारी रहेपनि १३० वटा सहकारी मात्रै प्रदेशमा दर्ता भएका उनले बताए । प्रदेशका १२ जिल्लामा अनुगमन र नियमनका लागि कर्मचारीको अभाव रहेको समेत रजिष्टार पौडेलले गुनासो गरे । सनराइजका अध्यक्षले कती रकम उठाएर फरार भए भन्ने कहीँ कतै स्पष्ट छैन, तर मंगलबार मात्र सहकारीमा सयौ बचतकर्ता पैसा लिनका लागि आएका थिए । यसले पनि के पुष्टी हुन्छ भने सहकारीले यस क्षेत्रबाट करौडौं रकम उठाएर भागेको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

सहकारीका अध्यक्ष भट्टराई र कोषाध्यक्ष बसन्त भट्टराईले मोवाइल फोन अफ गरी सर्म्पकविहीन छन् भने सहकारीका उपाध्यक्ष रमेश भट्टराई र सचिव लक्ष्मी अधिकारीले आफूहरुलाई सहकारीको बारेमा केही जानकारी नै नभएको बताए ।

लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारीका अध्यक्ष कृष्ण नेपालले जिल्लाभन्दा बाहिर दर्ता भएर प्रदेशमा आएका २३ वटा सहकारी समस्यामा रहेको बताए । जसमध्ये १३ वटा बहुउद्देश्यीय र ९ वटा बचत तथा ऋण र १ वटा जडीबुटी सम्बन्धी रहेको जनाए । उनले अनुगमनमा कडाइ गर्न समेत सुझाव दिए ।

### सच्याइएको

मिति २०८१/१२/२८ गते यस राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित कावासोति नगरपालिकाको कार्यालय नवलपरासी (बसुपु) को आशयको सूचनामा वडा नं. ७ हुनुपर्नेमा अन्यथा भएकाले सच्चाईको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# भन्सार छलीको ५९ लाख मूल्यको सामान बरामद



**मोहम्मद हबिब**
*भैरहवा*

रुपन्देही खुला सिमाका कारण चोरी तस्करी पनि व्यापक हुने हुँदा न्यूनीकरण र नियन्त्रणका लागि रुपन्देही प्रहरीले एक महिनाको दौरान ५९ लाख ५१ हजार ३ सय ६१ रुपैयाँ बराबरको भन्सार छलीका विभिन्न वस्तुहरु बरामद गरी भैरहवा भन्सार कार्यालय चलान गरेको छ । अघिल्लो महिनामा १ करोड ८ हजारको सामानहरु नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिएको सामानमध्ये ४ लाख ३२ हजारको किराना समाग्री, ३७ लाख ६९ हजारको सवारीसाधन, ७ लाख ६७ हजारको कपडा, ४ लाख ८४ हजारको कुखुरा तथा माछा र ४ लाख ७२ हजारको अन्य सामान रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी सुरज कार्कीले बताए ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीले एक महिनामा ८९ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । अदालतबाट दोषी ठहर भएर कैद, जरिवाना वा दुवै सजाए तोकेर भुक्तान नगरेका फरार प्रतिवादीलाई पछिल्लो समय रूपन्देही प्रहरीले अभियानकै रुपमा कार्य अगाडि बढाएको छ । चैत्र महिनामा ८९ जना फरार प्रतिवादी पक्राउ गरी ४५ वर्ष ९ महिना १३ दिन र ४४ लाख २२ हजार ४ सय ९४ रुपैयाँ जरिवाना असुल उपर गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जानकारी दिएको छ । कार्यालयका अनुसार सजाय अवधि तोकिएको २० वर्षपछि २७ जना, १५ वर्षपछि ११ जना, १० वर्षपछि २१ जना, ५ वर्षपछि १५ जना र ५ वर्षभन्दा कमको अवधिका १५ जना गरी कुल ८९ जना फरार प्रतिवादीहरु पक्राउ गरिएको छ, अघिल्लो महिनाम ११३ जना पक्राउ परेका थिए ।

'रुपन्देही प्रहरीले नियमित कामसँगै पछिल्लो समय अदालतको फैसला कार्यान्वयन गर्न फरार प्रतिवादी खोजी गर्ने काममा लागेको बताउँदै कहिले कम कहिले बढी रुपमा फरार प्रतिवादीहरु पक्राउ गरिरहेका छौं, सजाय फैसला भएका त्यस्ता व्यक्तिहरु समाजमा खुलेआम घुमफिर गर्नु पनि सुरक्षा चुनौतीको रुपमा रहेकोले पक्राउ गरिएको छ ।'-रुपन्देही प्रहरी प्रमुख रंजित सिंह राठौरले भने । यसै अवधिमा प्रहरी टोलीले विभिन्न स्थानहरुबाट अवैध माटो तथा बालुवा उत्खनन् गर्दै गरेको अवस्थामा ९ वटा ट्रयाक्टर, ४ वटा जेसिभी र ७ वटा टिप्पर, हाइबा बरामद गरि आवश्यक कारबाहीको लागी सम्बन्धित पालिकाको कार्यालयमा पठाइएको ७ लाख ०८ हजार १३६ रुपैयाँ जरिबाना भएको बताए ।

यसै अवधिमा जिल्लामा १४८ वटा विभिन्न मुद्दाहरु दर्ता भएको र ५३ वटा फछ्र्यौट भएको छ, दर्ता भएको मुद्दामध्ये ९९ जनालाई पक्राउ गरिएकोमा ४६ जना फरार रहेकोले खोजी कार्य भइरहेको छ । चैत्र महिनामा घरेलु हिंसाको ५४ वटा उजुरी आएकोमा ३७ जनालाई सहमती गरी पठाइएको छ भने १७ वटा बाँकी रहेको छ । एक महिनामा १६ जनाले आत्महत्या गरेको प्रहरीले जनाएको छ । जसमध्ये बढी १९ वर्षदेखि ३५ वर्षको उमेर समूहमा रहेका छन् । यस्तै यस अवधिमा जिल्ला ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय एवं मातहतको संयुक्त टोलीबाट गरिएको सवारीसाधान चेकिङ्गबाट ३ हजार ८ सय ३६ वटा सवारीसाधान कारबाही गरी ४३ लाख ३६ हजार राजस्व संकलन भएको छ ।

कार्यालयले लागुऔषधसहित विभिन्न ५ वटा ठूला घटनाबाट ४० ग्राम ब्राउन सुगरसहित ८ जनालाई पक्राउ गरेको छ ।

यस्तै १९ किलो गाँजा, ७२ सेट डाइजेपाम, फेनारगन नुफिन, १६३ ग्राम ब्रोउन सुगर, १७० वटा नाइट्राभेट ट्याबलेट, र ५५ वटा क्याप्सुलसहित ३३ जनलाई पक्राउ गरेको छ । यस्तै चैत्र महिनामा ५१ वटा मोबाइल हराएको निवेदन परेकोमा १५ वटा फेला पारि सम्बन्धित व्यक्तिलाई बुझाइएको छ ।

चैत्र महिनामा ९ वटा आगलागीको घटना भई २ जना घाइते भएका छन् भने ३३ लाख ४४ हजारको क्षति र ७ वटा गोठमा क्षति भएको छ । यस्तै चैतमा ६ सय ४९ वटा ठाडो उजुरी परेकोमा अधिकांश शान्ति सुरक्षा र लेनदेनको रहेको कार्यालयले जानकारी दिएको छ ।

# यो सरकार धेरै दिन टिक्दैनः प्रचण्ड

**रामकुमार श्रेष्ठ**
*नवलपरासी*



नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले यो सरकार धेरै दिन नटिक्ने दाबी गरेका छन् ।

मंगलबार नवलपुरको कावासोतीमा नेपाल पत्रकार महासंघ नवलपुरले गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । प्रचण्डले भने - 'मैले चितवनमा बोल्दा कुनै दल वा दलका नेताहरुसँग छलफल गरेर बोलेको त होइन, तर घटना क्रमले यस्तै देखाएको छ । मलाई लाग्छ मैले बोलेको सत्य हुँदै गएको छ ।'

शिक्षक, स्वास्थ्यकर्मी, मिटरब्याजी पीडित, सहकारी पीडितहरुसहित अधिकांश दलहरु सडक आन्दोलनमा रहेका कारण यो सरकार धेरै दिन नटिक्ने प्रचण्डको जिकिर रहेको थियो । उनले सरकारमा रहेका दलका नेताहरुले नै सरकारले गरेको असन्तुष्टि पोखेको बताए । उनले यो सरकार जति दिन टिक्छ उति नै देशका लागि दुर्भाग्य हुने आरोप लगाए ।

पूर्वप्रधानमन्त्री समेत रहेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले शिक्षकहरुको आन्दोलनलाई प्रधानमन्त्री ओलीले शिक्षकहरुप्रति नकारात्मक अभिव्यक्ति दिएर शिक्षकको आन्दोलनमा आगोमा घिउ थप्ने काम गरेको समेत आरोप लगाए ।

अध्यक्ष प्रचण्डले आफू प्रधानमन्त्री हुँदा शिक्षकहरुसँग गरेको सम्झौताअनुसार यो सरकारले शिक्षकको जायज मागहरु पूरा गर्नु पर्नेमा जोड दिए । उनले भने -'संभव हुने मागहरु क्याविनेटको बैठक बसेर पूरा गर्नुपर्छ अनि बाँकी माग संसदको बैठक बोलाएर विद्यालय शिक्षा ऐन जारी गरेर पूरा गर्नुपर्छ ।'

माओवादी केन्द्रले नवलपुरबाट पुनः सुरु गरेको मधेस जागरण अभियानअन्तरगत मंगलबार जागरण अभियानमा सहभागी माओवादीका नेताहरु गैंडाकोट हुँदै कावासोती आइपुगेका हुन् । अध्यक्ष प्रचण्डसहितको टोलीहरुले गैंडाकोटको लखन चोकमा रहेको नेपालका प्रथम सहिद लखन थापाको सलिकमा समेत माल्यापर्ण गरेका थिए ।

त्यसैगरी मंगलबार नै रजहरमा रहेको प्राकृतिक चिकित्सालयमा भेटघाट गरी लगत्तैकावासोतीमा बेपत्ता तथा सहिद परिवारसँग भेटघाट गरेका थिए । टोली मंगलबार पश्चिम नवलपरासीको बर्दघाट पुग्ने कार्यक्रम रहेको छ ।

# बर्दघाटमा कृषिलाई पर्याप्त बजेट

नवलपरासी । नवलपरासी पश्चिमको बर्दघाट नगरपालिकाले जिल्लाका अन्य दुई नगरपालिकाले भन्दा धेरै बजेट कृषिमा बिनियोजन गरेको छ । बर्दघाटले रामग्राम र सुनवल नगरपालिकाभन्दा धेरै बजेट कृषि क्षेत्रमा बिनीयोजन गरेको हो । बर्दघाट नगरपालिकाले आर्थिक वर्ष २०८१ /०८२ का लागि २ करोड ५० लाख रकम बिनियोजन गरेको छ ।

रामग्रामले १ करोड २२ लाख र सुनवलले १ करोड ७ लाख बिनियोजन गरेको छ । बिनियोजन बजेटमध्ये तीन वटा नगर पालिका मध्ये सबै भन्दा धेरै बर्दघाट नगरपालिकाले विनयोजन गरेको छ ।

किसानहरुलाई खेती गर्न सहजताका लागि सिँचाइलगायतका क्षेत्रमा उक्त रकम बिनियोजन गरेको बर्दघाट नगरपालिकाका कृषि शाखा प्रमुख ऋषि चन्दले बताएका छन् ।

त्यस्तै रामग्राम नगरपालिकाले १ करोड २२ लाख बिनियोजन गरेको रामग्राम नगरपालिका कृषि शाखा अधिकृत किरणकुमार गुप्ताले बताए । सुनवल नगरपालिकाले १ करोड ७ लाख बिनियोजन गरेको कृषि अधिकृत पुस्प अर्यालले बताएका छन् । कृषि ज्ञान केन्द्र पश्चिम नवलपरासीले आयोजना गरेको स्थानीय तहका प्राविधिकहरुसँग गरिएको अन्तर्क्रियामा उनीहरुले उक्त कुरा बताएका हुन् ।

जिल्ला समन्वय समितिका प्रमुख भगवति यादवको प्रमुख आतिथ्यता, कृषि ज्ञान केन्द्र परासीका प्रमुख डाक्टर रवीन्द्र नाथ चौबेको अध्यक्ष भएको कार्यक्रममा कृषि ज्ञान केन्द्रका कृषि अधिकृत नबिन गैरेले सहजीकरण गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख भगवती यादबले कृषि प्राविधिकहरुको किसानसंग प्रत्यक्ष सम्पर्क हुने भएका कारण उनीहरुमार्फत् किसानका समस्या सम्बन्धित निकायमा पुऱ्याउनु पर्नेमा जोड दिए ।

प्रमुख यादबले जिल्लामा किसानहरुको सबैभन्दा जटील रुपमा रहेको मलको समस्या समाधान भए किसानका आधा समस्या समाधान हुने भएका कारण तिनै तहका सरकार एक भएर मलको समस्या समाधानमा लाग्नु पर्नेमा जोड दिए ।

सोही कार्यक्रममा कृषि निर्देशक रामप्रसाद पाण्डेले स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमको प्रभावकारिता रहेको र किसानको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएका कारण किसानका समस्या समाधानका लागि स्थानीय सरकारको समन्वयमा प्रदेश र संघ सरकारले किसानका समस्यामा समन्वय गर्नु पर्ने बताए निर्देशक पाण्डेले सरकारले नेपालको आधा बजेट ३० अर्ब मलमा खर्च गर्ने भएको भए पनि किसानले मल नपाएको गुनासो गर्ने गरेको बताउँदै लुम्बिनी प्रदेशका १ सय ८ पालिकामा मल जाने गरेको जनाए ।

# मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

स्याङ्जामा आँखामा लाग्ने मोतियाबिन्दु रोगीहरु बढेको फेला परेको छ । दुई पालिकाले निःशुल्क आँखा जाँच शिविर सञ्चालन गर्दा मोतियाबिन्दु रोगीहरु धेरै फेला परेका हुन् । हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोग र पालिकाहरुको समन्वयमा आयोजना गरिएको मोतियाबिन्दु रोगको स्क्रिनिङ शिविरबाट २ सय १६ जनामा यो रोग देखिएको छ ।

वालिङ नगरपालिकाले चैत्र २५ गतेदेखि ३१ गतेसम्म र अर्जुनचौपारी गाउँपालिकाले ३० र ३१ गते निःशुल्क आँखा जाँच शिविर गरेका थिए । शिविरबाट वालिङ नगरपालिकामा १ सय ९० र अर्जुनचौपारी गाउँपालिकामा २६ जनामा मोतियाबिन्दु रोग देखिएको जनाएका छन् । यो शिविरमा जाँच गर्न आउनेको संख्याको आधारमा हेर्दा मोतियाबिन्दु रोगीको संख्या अझैं हुनसक्ने अनुमान पालिकाहरुले लगाएका छन् ।

अर्जुनचौपारीमा भन्दा यो पटकको शिविरमा वालिङमा धेरैको संख्यामा मोतियाबिन्दु रोगी फेला परेको हिमालय आँखा अस्पतालले जनाएको छ । वालिङ नगर स्वास्थ्य शाखाका प्रमुख कमलप्रसाद पाण्डेका अनुसार शिविरमा १ हजार ३ सय ७९ जनाको आँखा परीक्षण गरिएको जानकारी दिए । महिला ९ सय १५ र पुरुष ४६४ जनाको शिविरबाट आँखा परीक्षण गर्दा १ सय ९० जनामा मोतियाबिन्दु रोग देखिएको स्वास्थ्य शाखा प्रमुख पाण्डेले बताए । मोतियाबिन्दु रोग देखिएका बिरामीको निःशुल्क शल्याक्रिया हुने पाण्डेले बताए ।

आँखा मानिसको संवेदन शिल अंग हो स्वास्थ्य शाखा प्रमुख पाण्डेले भने-'शिविरबाट धेरै जनामा मोतिबिन्दु रोग देखिनु राम्रो संकेत होइन ।' यसको न्यूनीकरण गर्न अब ६/६ महिनामा आँखा शिविर राख्नुपर्ने देखियो ।' विशेष गरेर उमेर ढल्केपछि ६/६ महिनामा आँखा जाँच गराउनुपर्छ, तर ग्रामीण क्षेत्रका स्वास्थ्य चौकीमा आँखाको उपचार गर्ने सहज पहुँच नभएकाले यो समस्या देखिएको पाण्डेको अनुमान छ । यसको नगरपालिकाले नीतिगत निर्णय गरेर नागरिकलाई आँखामा देखिने मोतिबिन्दु रोगको न्यूनीकरणमा लाग्नुपर्ने सुझाव पाण्डेको छ ।

वालिङमा लामो समयदेखि गह्रौ प्रथामिक अस्पतालमा आँखाको छुट्टै डाक्टर राखेर सेवा दिँदै आएको छ । तर समयमै आँखा जाँच गराउन नागरिकले चासो नदिँदा ग्रामीण क्षेत्रमा मोतियाबिन्दु रोगीहरुको संख्या बढेको छ । नगरपालिकाले बेला-बेलामा आँखा शिविर आयोजना गर्दै आएको वालिङ नगर प्रवक्ता पदमराज गुरुङले बताए । 'यो पटकको शिविरले हाम्रो ध्यानाकर्षण गराएको छ,' प्रवक्ता गुरुङ्ले भने-'आगामी बजेटमा नीतिगत निर्णय गरेर समस्या समाधानतर्फ लाग्ने छौं ।' प्राविधिक स्वास्थ्यकर्मीहरुसँग छलफल र परामर्स सुरु गरेर यो समस्या समाधान गर्नेतर्फ लाग्ने गुरुङले बताए । नागरिकको स्वास्थ्यमा स्थानीय सरकारको चासो रहने र समाधानमा लाग्ने प्रयत्न हुने उनले जनाए ।

अर्जुनचौपारी गाउँपालिकाले शिविरबाट मोतियाबिन्दु रोग देखिएका नागरिकलाई निःशुल्क शल्यक्रियाका लागि सघाउने भएको छ ।

दुवै पालिकामा भएको शिविरबाट फेला परेका मोतियाबिन्दुका रोगीहरुको वालिङको गह्रौ प्राथमिक अस्पतालमा बैशाख ६ र ७ गते हिमालय आँखा अस्पतालको सहयोगमा निःशुल्क शल्याक्रिया हुँदैछ । अर्जुनचौपारीले मोतियाबिन्दुको शल्यक्रियामा आउन र लैजान निःशुल्क सवारी साधनको व्यवस्था समेत गरिदिएको पालिका अध्यक्ष प्रकाश तिवारीले जानकारी दिए । आँखाको बेला–बेलामा जाँच गरेर मोतियाबिन्दु रोगबाट बच्न आँखाका चिकित्सकहरुले सुझाव दिएका छन् ।


**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


## सम्मरीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८२/०१/०२)

यस कार्यालयबाट मिति २०८१ / ११ / २० गतेका दिन आह्वान गरिएको तपशिल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्रहरु मध्ये निम्नानुसार बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतीको लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| S.N | Contract Identification No | Name of Contract | Name of Lowest Evaluated Substantially Responsive Bidder | Bid Price of Lowest Evaluated Substantially Responsive Bid - excluding VAT and Contingencies) |
|---|---|---|---|---|
| 1 | 08/SRM/NCB/ Works/081/082 | Construction of RCC Ward No-3 Office Building | Devan Nirman Sewa, Sammarimai–3, Rupandehi | Nrs. 29,30,458.00 |

प्रमुख प्रशासकिय अधिकृत

# Madhyabindu Municipal Hospital
## Madhyabindu-7, Chormara, Nawalparasi
## (East of Bardghat Susta)
## Gandaki Province, Nepal

# Invitation for Bids

**First Date of publication: 2025-04-15**

1. The Madhyabindu Municipal Hospital, Nawalparasi invites sealed quotations from registered contractors for the procurement ,supply and installation of Transformer.
2. Madhyabindu Municipal Hospital invites Electronic Bids from eligible bidders for the following Electrical works.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipal Hospital, Chormara, Gandaki Province, Nepal. Ph: 078-410082 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimated amount (Without Vat) | Cost of Bidding Document Nrs. | Bid security Amoun Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 01/SQ/Works/ Municipal Hospital | Procurement and installation of Transformer and 11kv H.T line for Municipal Hospital | SQ- Works | 1,548,694.40 | 1000/ | 50,000 | 45 days/ 75 days after bid opening | 2025-04-30 12.00 | 2025-04-30 14.00 |

**Chief Administrative Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com